# कोटहीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं ०७१-४०१०२४

मझगावाँ, रुपन्देही

लुम्बिनी प्रदेश , नेपाल

Web site: kotahimaimun.gov.np

E-Mail: kotahimaimun@gmail.com

प.सं:०८२/०८३

मिति:२०८२/१२/२५

**विषय: गा.पा. अनुदान शिक्षक र बालविकास सहजकर्ता पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धमा।**

**(प्रथम पटक प्रकाशित मिति:२०८२/१२/२५)**

यस कोटहीमाई गाउँपालिका अन्तर्गत संचालित तपसिलका विद्यालयहरुमा रिक्त रहेको गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान शिक्षक र बालविकास सहजकर्ता पदमा खुला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट पदपूर्ति गर्नको लागि योग्य उम्मेदवारहरुले तोकिएको ढाँचामा फारम भरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा,युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन यो विज्ञापनको सूचना प्रकाशन गरिएको छ ।

**१. पदपूर्ति गर्ने पदको विवरण:**

| क्र.सं. | विज्ञापन नं. | तह/श्रेणी | विषय | समुह | पद संख्या | विद्यालयको नाम,ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८२/८३ | मा.वि. | नेपाली | खुला | ०१ | श्री लालबिहारी मा.वि.,कोटहीमाई-१ | |
| २. | ०२/०८२/८३ | नि.मा. | नेपाली | खुला | ०१ | श्री बोगडी मा.वि.,कोटहीमाई-६ | |
| ३. | ०३/०८२/८३ | नि.मा. | विज्ञान | खुला | ०१ | | |
| ४. | ०४/०८२/८३ | नि.मा. | अंग्रेजी | खुला | ०१ | श्री जानकी मा.वि.,कोटहीमाई-४ | |
| ५. | ०५/०८२/०८३ | बालविकास सहजकर्ता | | महिला | ०१ | श्री मदरसा अनवारुतौहिद, कोटहीमाई-५ | |

**२. उम्मेदवारहरुमा हुनुपर्ने आवश्यक शैक्षिक योग्यता:**

क) **विज्ञापन नं.०१/०८२/०८३** को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा (**कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर**) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको। तर कुनै उम्मेदवारले शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

ख) **विज्ञापन नं. ०२/०८२/८३, ०३/०८२/८३ र ०४/०८२/८३** को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-१२) वा सो सरहको परीक्षा (**कम्तिमा २००**

अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत

कोटहीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझगाँवा, रुपन्देही
फोन नं ०७१-४०१०२४
लुम्बिनी प्रदेश , नेपाल
Web site: kotahimaimun.gov.np
E-Mail: kotahimaimun@gmail.com

प.सं:०८२/०८३

**पूर्णाङ्क वा ८ क्रेडिट आवर**) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको । तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धि विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-१२) वा शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

ग) **विज्ञापन नं. ०५/०८२/८३** को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (SLC) वा माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको हुनुपर्नेछ । र SEE को हकमा कम्तीमा 'D+' ग्रेड (वा २.० GPA) प्राप्त गरेको हुनुपर्ने ।

घ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ । (**विज्ञापन नं. ०५/०८२/८३** बाहेक) ।

ङ) नेपाली नागरिकता प्रमाणपत्र ।

च) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्र ।

३. तलब स्केल: गाउँपालिकाले तोकेबमोजिम ।

४. परीक्षाको किसिम: लिखित र अन्तरवार्ता ।

५. दरखास्त दस्तुर: बालविकास सहजकर्ताको रु. १०००/-, नि.मा.वि. तहको रु.१२५०/- र मा.वि. तहको रु.१५००/- ।

६. दरखास्त दिने अन्तिम मिति: २०८३/०१/०९ गते कार्यालय समयभित्र ।

७. सम्पर्क मिति:२०८३/०१/१०

८. छनौट परीक्षाको मिति,समय र स्थान पछि तोकिनेछ ।

९. माध्यमिक तह र निम्नमाध्यमिक तहको परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोग र बालविकास सहजकर्ताको पाठ्यक्रम कोटहीमाई गाउँशिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

१०. यस विज्ञापनमा उल्लेख भएका कुराहरुका अतिरिक्त "गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान शिक्षक/कर्मचारी/बालविकास सहजकर्ता व्यवस्थापन कार्यविधि,२०८१" को दफा ५ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ । साथै अन्य कुराहरु पनि सोहि कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

**नोट: उपरोक्त विज्ञापन,दरखास्त फारम र बालविकास सहजकर्ताको परीक्षाको पाठ्यक्रम यस गाउँपालिकाको वेबसाइट www.kotahimaimun.gov.np मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।**

बोधार्थ:
श्री सूचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गरिदिनुहुन ।

२०८२/१२/२५
अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत